# गोसाईकुण्ड गाउँपालिका रसुवा

## स्थानीय राजपत्र

खण्डः- ०२ संख्याः- ०८ मितिः- २०७६/३/१६

## भाग-२

### गोसाइकुण्ड गाउँपालिका शिक्षा ऐन, २०७५

**प्रस्तावना** : यस गोसाइकुण्ड गाउँपालिका भित्र सञ्चालन, स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा ३१ तथा यसै संविधानको अनुसूची ८ को क्रमसङ्ख्या (८) एवम् 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) अनुसार गोसाइकुण्ड गाउँपालिकाले गोसाइकुण्ड गाउँपालिका शिक्षा ऐन, २०७५ जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम गोसाइकुण्ड गाउँपालिका शिक्षा ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) पूर्व प्राथमिक विद्यालय भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ख) प्राथमिक शिक्षा भन्नाले कक्षा एकदेखि पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ग) आधारभुत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) माध्यमिक शिक्षा भन्नाले कक्षा नौदेखि वाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) विशेष शिक्षा भन्नाले देहायको शिक्षा सम्झनुपर्छ

(१) दृष्टिविहिन, न्युन दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिमा रही दिइने शिक्षा

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिक्ष्ने शिक्षा

(च) सामुदायिक विद्यालय भन्नाले यस अघि नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त भई नियमित रुपमा अनुदान पाउने गरी सञ्चालनमा रहेका विद्यालय तथा यो ऐन लागू भएपछि स्थानीय सरकारबाट अनुमति प्राप्त भई नियमित रुपमा अनुदान पाउने गरी सञ्चालनमा रहेका विद्यालय समेत बुझाउँछ ।

(छ) संस्थागत विद्यालय भन्नाले यस अघि नेपाल सरकारबाट अनुमति वा स्वीकृति प्राप्त भई नियमित रुपमा अनुदान नपाउने गरी सञ्चालनमा रहेका विद्यालय तथा यो ऐन लागू भएपछि स्थानीय सरकारबाट अनुमति प्राप्त भई नियमित रुपमा अनुदान नपाउने गरी सञ्चालनमा रहेका विद्यालय समेत बुझाउँछ ।

(ज) आधारभुत विद्यालय भन्नाले खण्ड (ग) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(झ) विद्यालय शिक्षा भन्नाले आधारभुत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ञ) विद्यालय भन्नाले सामुदायिक तथा संस्थागत रुपमा अनुमति वा स्वीकृति भई सञ्चालित विद्यालय सम्झनुपर्छ ।

(ट) प्राथमिक विद्यालय भन्नाले खण्ड (ख) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ठ) माध्यमिक विद्यालय भन्नाले खण्ड (ग) र (घ) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(ड) अभिभावक भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनुपर्छ । यस शब्दले विद्यार्थीको बाबु, आमा, बाजे, बज्यै वा त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा उक्त विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(ढ) कर्मचारी भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ण) तोकिएको वा ताकिए बमोजिम भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(त) अनुमति भन्नाले विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) आधारभुत शिक्षा उत्तीर्ण परीक्षा भन्नाले आधारभुत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(द) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(ध) स्वीकृति भन्नाले यस अघि नेपाल सरकारले विद्यालय सञ्चालन गर्नै दिएको स्थायी स्वीकृति जनाउँछ ।

(न) आवासीय विद्यालय भन्नाले संघीय सरकारबाट आवासीय विद्यालयको रुपमा स्वीकृति वा अनुमति दिएको विद्यालय सम्झनुपर्छ, यस शब्दले प्रदेश तथा स्थानीय सरकारको अनुदानबाट सञ्चालित आवासीय विद्यालय समेत बुझाउँछ ।

(प) शैक्षिक गुठी भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(फ) मन्त्रालय भन्नाले संघीय सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ । यस शब्दले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत बुझाउँछ ।

(ब) 'मुद्दा हेर्ने अधिकारी' भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत बुझ्नुपर्छ ।

३. **विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) गाउँपालिकाले आफ्नै अनुदानमा जुनसुकै तहको विद्यालय स्थापना, सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

(२) कुनै नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न वा कक्षा थप गर्न चाहेमा तोकिएको विवरण खुलाई सम्बधित वडा कार्यालयको सिफारिससहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन परेमा सो निवेदनमाथि आवश्यक जाँचबुझ एवम् प्रक्रिया पूरा गरी मनासिब देखिएमा गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(४) उपदफा (२) बाहेक कुनै नेपाली नागरिकले संस्थागत विद्यालयको रुपमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न अनुमति लिन तोकिए बमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(५) उपदफा (४) अनुसार निवेदन परेमा उक्त निवेदनमाथि आवश्यक जाँचबुझ एवम् प्रक्रिया पूरा गरी मनासिब देखिएमा गाउँ कार्यपालिकाको कार्यालयले तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(६) अन्य प्रकृतिका विद्यालय खोल्न अनुमति माग भएमा संघीय शिक्षा ऐन तथा सम्बन्धित प्रदेश शिक्षा ऐन समेतको आधारमा तोकिए बमोजिम हुनेछ ।

(७) उल्लेखित प्रक्रिया बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले तोकिएको शर्त अनुरुप विद्यालय सञ्चालन नगरेमा गाउँपालिकाले जुनसुकै बेला त्यस्ता विद्यालय बन्द गर्न सक्नेछ ।

४. विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५. आफ्नो गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरुलाई तोकिए बमोजिम समायोजन गर्न, कक्षा वा तह घटाउन सक्नेछ ।

६. परीक्षाको परिचालन र नियन्त्रण : आधारभुत तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको परिचालन र सञ्चालन तोकिए बमोजिम हुनेछ ।

७. माध्यमिक शिक्षाको प्रकार तोकिए बमोजिम हुनेछ ।

८. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र खुला शिक्षाको उपयुक्त सञ्चालन र व्यवस्थापन हुनेछ ।

९. **शिक्षाको माध्यम** : (१) शिक्षाको माध्यम संघीय ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा भए तापनि प्राथमिक तहको शिक्षा मातृभाषा माध्यममा सञ्चालन गर्न सकिनेछ र भाषा विषयका कक्षाहरु सम्बन्धित भाषाकै माध्यममा सञ्चालन हुनेछन् ।

**१०. गाउँ शिक्षा समिति** : (१)गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :

(क) गाउँपालिका वा गाउ कार्यपालिका प्रमुख वा निजले तोकेको एकजना गाउँ कार्यपालिकाको सदस्य अध्यक्ष

(ख) गाउँ कार्यपालिकाका महिला तथा दलित समेत ३ जना सदस्यहरु -सदस्य

(ग)प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको एकजना अधिकृत -सदस्य

(घ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको एक जना प्रधानध्यापक -सदस्य

(ङ) संस्थागत विद्यालयहरुको प्रतिनिधीमुलक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधी एक जना - सदस्य

(च) गाउँपालिका स्तरीय विव्यस महासंघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी प्रमुख वा अध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य

(छ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँपालिका प्रमुखले तोकेको सदस्य १ जना -सदस्य

(ज) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) गाउँपालिका स्तरीय अभिभावक संघ, अपाङ्गता संस्था तथा उद्योग वाणिज्य प्रतिनिधि यस समितिमा आमन्त्रित सदस्यका रुपमा हुनेछन् ।

(३) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यबिधि तोकिएबमोजिम हुनेछ ।

**११. घुम्ति विद्यालय सञ्चालन गर्न सक्ने** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको विकट हिमाली गाउँवस्तीमा तोकिएबमोजिमको घुम्ति विद्यालय सञ्चालन गर्न सक्नेछ ।

**१२. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने** : गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास तथा निरन्तर सिकाइ कार्यक्रम समेतको लागि तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन गर्न सक्नेछ ।

**१३. अध्यापन अनुमतिपत्र लिनुपर्ने** : (१) शिक्षक सेवा आयोगबाट अध्यापन अनुमतिपत्र नलिई सरकारी अनुदानबाट पारिश्रामिक पाउने गरी शिक्षक पदमा उम्मेदवार हुन पाउने छैन ।

(२) प्रारम्भिक वाल विकास कक्षा, प्राविधिक धार वा विषय, कम्प्युटर अध्यापन गर्ने शिक्षकको लागि अध्यापन अनुमतिपत्र सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१४. अनुदान कटौती नगरिने : (१) नेपाल सरकारले यो ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गरिने छैन ।

(२) कुनै विद्यालयले लगातार तीन वर्षसम्म तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा उपदफा (१) बमोजिम पाउदै आएको अनुदान रकम तोकिए बमोजिम कटौती गर्न सक्नेछ ।

१५. **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्यापन गर्ने लक्षित विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

१६. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :** (१) गाउँपालिकाले यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिएबमोजिम अनुदान दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक बाल विकास केन्द्रको सिकाइ सुधारका लागि गाउँपालिकाले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**१७. विद्यालय व्यवस्थापन समिति** : (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाएका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) सम्बन्धित वडाका वडाध्यक्ष वा वडा समितिले तोकेको सदस्य वा स्थानीय शिक्षाप्रेमी अभिभावक -अध्यक्ष

(ख) विद्यालयका अभिभावकहरुको भेलाबाट छनोट गरेको कम्तिमा १ जना महिलासहित २ जना -सदस्य

(ग) विद्यालयका संस्थापकहरुमध्ये वडा समितिले तोकेको कम्तिमा १ जना महिलासमेत २ जना -सदस्य

(घ) विद्यालय सेवा क्षेत्रका समाजसेवी वा बुद्धिजिवीमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनयन गरेको एक जना - सदस्य

(ङ) विद्यालयका शिक्षकहरुमध्ये छनोट गरिएका एक जना वरिष्ठ शिक्षक - सदस्य

(च) विद्यालय व्यवस्थापन समितिबाट मनोनित १ जना शिक्षाप्रेमी महिला अभिभावक -सदस्य

(छ) प्रधानाध्यापक -सदस्य सचिव

(२) प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिकास्तरका उद्योग वाणिज्य महासंघका दुई जना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालयको बालक्लवले मनोनयन गरेको १ जना छात्रासहित २ जना विद्यार्थीलाई वि. व्य. स. बैठकमा स्थायी आमन्त्रित सदस्यका रुपमा बोलाउनु पर्ने छ । विद्यालय व्यवस्थापन समितिको बैठकमा बाल क्लबका प्रतिनिधीहरुले राखेको दृष्टिकोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ तर प्रचलित कानुन विपरितका प्रस्तावमाथि निर्णय गर्न समिति वाध्य हुनेछैन ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ४ वर्षको हुनेछ ।

(४) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा व्यवस्थापन समितिको जेष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

(५) समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन भएको विद्यालय व्यवस्थापन समितिमा सेवा क्षेत्रको कम्तिमा एक जना अपांगता भएको व्यक्ति सदस्य रहनेछ ।

(६) गाउँपालिकाको शिक्षा अधिकृत वा निजले तोकेको विद्यालय निरीक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्नु पर्नेछ ।

(७) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयको संस्थापक वा लगानीकर्तामध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले मनोनित गरेको व्यक्ति - अध्यक्ष

ख) अभिभावकहरुमध्ये एकजना महिलासहित विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुईजना -सदस्य

ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्ये गाउँपालिकाले मनोनित गरेको एकजना - सदस्य

घ) शिक्षा अधिकृत वा निजले तोकेको शिक्षा शाखाको कर्मचारी एक जना -सदस्य

ङ)सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्ये छानी पठाएको एकजना -सदस्य

च) सम्बन्धित विद्यालयका प्रधानाध्यापक -सदस्य सचिब

९) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको कार्याबधि ३ वर्षको हुनेछ र यस समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१८. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने** : (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिले समितिले उक्त समिति विघटन गर्न सक्नेछ । तर यसरी विघटन गरिँदा सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(२) उप दफा १ बमोजिम कुनै विद्यालयको विद्यालय व्यवस्थापन समिति विघटन भएमा तोकिए बमोजिम अस्थायी समिति गठन हुनेछ ।

**१९) विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाएका रकम रहनेछन् :

क) गाउँपालिका, प्रदेश तथा संघीय सरकारबाट प्राप्त अनुदान

ख) शुल्कबाट प्राप्त रकम

ग) दान दान्तव्यबाट प्राप्त रकम

घ) अन्य स्रोतबाट प्राप्त रकम

२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तथा लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२०) गाउँपालिकाले निर्देशन दिन सक्ने :** (१) गाउँपालिकाले आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उप दफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२१. गाउँपालिकाले विद्यालय, खोल्न, सार्न, गाभ्न, नाम परिवर्तन गर्न, वा वन्द गर्न सक्ने :**

(१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई आफ्नो इलाकाभित्र सञ्चालन भई रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय वन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(२) उप दफा (१) मा उल्लेखित कार्यहरु तोकिए बमोजिम हुनेछन् ।

**२२. विद्यालयको सम्पत्ति** : (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाभिएर सञ्चालित विद्यालयलाई हस्तान्तर हुनेछ । तर खारेजी वा अनुमति वा स्वीकृत रद्द भएकोमा उक्त विद्यालयको सम्पत्ति स्थानीय सरकारको हुनेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा र सार्वजनिक शैक्षिक गुठीमा सञ्चालित विद्यालयको सम्पत्ति भने सार्वजनिक सम्पत्ति मानिनेछ ।

(३) कम्पनि अन्तर्गत सञ्चालित विद्यालयको सम्पत्ति सोही कम्पनिको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थाबाट चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ कार्यपालिकाको पूर्व स्वीकृती लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थाबाट चल, अचल सम्पत्ति प्राप्त गर्न भने संघीय सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(५) विद्यालयको नाममा रहेको चल, अचल सम्पत्तिको बेच बिखन तोकिए बमोजिम हुनेछ ।

**२३. विद्यालयलाई छुट र सुविधा** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिए पनि सामुदायिक र शैक्षिक गुठीको रुपमा सञ्चालित विद्यालयले लिखत पास गर्न रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उप दफा (१) मा उल्लेख भएको बाहेक अन्य विद्यालयको नाउँमा लिखत पास गर्दा तोकिएको रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

२४. **विद्यालयको वर्गीकरण** : विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

२५. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने** : (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

२६. **शुल्क सम्बन्धी व्यवस्था** : (१) सामुदायिक विद्यालयको आधारभुत तहको शिक्षा अनिवार्य र निशुल्क हुनेछ भने माध्यमिक तहसम्मको शिक्षा निशुल्क हुनेछ ।

(२) संस्थागत विद्यालयले विद्यार्थीको भर्ना तथा अन्य शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) सामुदायिक विद्यालयको पूर्वाधार विकास तथा गुणस्तरीय शिक्षाका लागि गाउँपालिकाले आवश्यक स्रोत व्यवस्था गर्न सक्नेछ ।

(४) दृष्टिविहिन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेका विद्यालय बाहेक अन्य विद्यालय शिक्षा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिए बमोजिम हुनेछ ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइ सकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाइने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण गर्न गाउँपालिका स्तरमा तोकिएको समिति गठन गर्नेछ । त्यस्तो शुल्क निर्धारण गर्दा समितिले विद्यालयले उपलब्ध गराएको सुविधालाई आधार लिनुपर्नेछ ।

(८) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

२७. **शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था** : (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी आफ्नो पदीय आचरण तथा जिम्मेवार हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको पदीय आचारसंहिता तोकिए अनुसार हुनेछ ।

(३) देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ :

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगाता पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनसपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाण्ति भएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी विद्यालय समयमा अन्य शिक्षण संस्था वा निकाय वा व्यवसायमा मासिक तलब पाउने गरी कामकाज गरेको पाइएमा,

(च) शिक्षक तथा कर्मचारी कुनै राजनीतिक दलको कार्यकारिणी समितिमा सदस्य रहेको पाइएमा,

(छ) पदमा बहाल रहँदा अन्य देशको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि निवेदन दिएको जानकारी भएमा

तर यस ऐनको दफा प्रारम्भ भएको मितिले ३० दिनभित्र लिखित आवेदनसाथ स्वघोषणा गरेमा उक्त सवालमा सफाइ पाउनेछ ।

२८. **शैक्षिक योग्यता** : विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता संघीय ऐनमा तोकिए बमोजिम हुनेछ ।

२९. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई अध्यापन कार्य वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी गाउँपालिकाले आफू मातहत वा प्रदेश तथा संघीय सरकारको आग्रह बमोजिम सरकारी सेवाका अन्य काममा खटाउन सकिनेछ ।

३०. **शिक्षकको सरुवा** : (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फारम भरी गाउँ कार्यपालिका, शिक्षा शाखामा विद्यालय व्यवस्थापन समिति तथा वडा कार्यालयको सहमतिको निर्णयसहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सरुवा हुन चाहने शिक्षकले आफू रहेको तथा सरुवा हुन चाहेको विद्यालय एवम् दुवैतर्फका गाउँ वा नगरपालिका र शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस आवश्यक पर्नेछ ।

(३) उपदफा (२) बमोजिम रित पुगेको कागजातहरु उपलब्ध भएमा सरुवा भई जान चाहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले निजलाई रिक्त रहेको पद, श्रेणीको दरवन्दीमा सरुवा गर्न सक्नेछ ।

३१. **दण्ड सजाय** : (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले विद्यालयका हुने वाहय परीक्षाको मर्यादाहीन, उत्तरपुस्तिका परीक्षणमा लापरवाही तथा प्रश्नपत्रको गोपनियता भङ्ग जस्ता अपराध गरेमा निजलाई कसूरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरीवाना वा ६ महिना कैद वा दुवै सजायँ हुनेछ ।

३२. **ऐनको दफा वा उपदफा अमान्य हुन सक्ने** : यस ऐनमा उल्लेखित दफा वा उपदफाहरु संघीय, प्रादेशिक तथा अन्य प्रचलित ऐन, कानुनमा बाझिएको अवस्थामा उक्त दफा वा उपदफा बाजिएको हदसम्म अमान्य हुन सक्नेछ ।

३३. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वित गर्न गाउँ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

३४. **निर्देशिका वा कार्यविधि बनाउन सक्ने** : यस ऐनको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि बनाइ लागू गर्न सक्नेछ ।

३५. **बचाउ र लागू नहुने** : यस ऐन र यस अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र अन्य कुरामा प्रचलित संघीय वा प्रदेश कानुन बमोजिम हुनेछ ।

आज्ञाले
देवीलाल सापकोटा
प्रमुख प्रशासकीय अधिकृत